# कुशे गाउँपालिका

## वार्षिक नीति तथा कार्यक्रम २०८१

गाउँसभाबाट पारित मिति : २०८१।०३।१०

कुशे गाउँपालिका, थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**कुशे गाउँपालिकाको यस गाउँ सभामा उपस्थित सभा सदस्य ज्यूहरु**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनुहुने सम्पुर्ण आमा, बुवा, दाजु भाई तथा दिदी बहिनीहरु लगायत सरोकारवालाहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै बारेकोट गाउँपालिका रामिडाँडा केन्द्र विन्दु भई मिति २०८०।०७।१७ गते गएको ६.४ रेक्टर स्केलको भुकम्पका कारण ज्यान गुमाउने व्यक्तीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका नागरिकको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै दिगो र गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारीता मार्फत विकास गर्न आवश्यक छ । हामि सामु सिमित स्रोत साधनका बाबजुत गाउँपालिका जनताका विकासका असिमित आवश्यकता र चाहानाहरु परिपूर्ति गर्न स्रोतको विवेक सम्मत तथा कुशल प्रयोग मार्फत प्राप्त उपलब्धीको न्यायोचित वितरण, आर्थिक असमानताको अन्त्य, गरिबी न्यूनिकरण, शोषणरहित, सभ्य र समतामुलक समाज निर्माण गर्ने हाम्रो साझा संकल्प रहेको छ ।

**विद्यमान परिवेश**

बारेकोट गाउँपालिका रामिडाँडा केन्द्र विन्दु भई मिति २०८०।०७।१७ गते गएको ६.४ रेक्टर स्केलको भुकम्पका कारण जाजरकोट जिल्लाका ७ वटै स्थानीय तहका जनताको जिउ, ज्यान, धन, सम्पति र प्राकृतिक सम्पदा माथि पनि अपुरणिय क्षति पुर्याएको छ ।हाल खोज, उद्धार तथा राहतका कार्यहरु सम्पन्न भएका छन्, भने पुनःनिर्माण र पुनःस्थापनाका लागि संघीय सरकारले आवश्यक बजेट विनियोजन गरेको अवस्था छ ।

आजको विश्वको तिव्रतर विकासको प्रतिस्पर्धाको अबस्थामा समेत भौगोलिक विकट्ता र विकासका पूर्वाधारको कमजोर उपलब्धताका कारण पनि यहाँका जनताको दैनिक जिवनस्तर कष्टकर बनिरहेको छ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर बनाएको छ । आन्तरिक र वाह्य बसाईसराईका कारण नेपालका गाउँ घरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित

हुन पुगेका छन । उब्जाउ खेतवारी बाँझो रहेको अवस्था छ । यस सन्दर्भमा युवालाइ देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँ घरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनःउत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र दिगो र फराकिलो आर्थिक विकास गरी प्राप्त प्रतिफलको समान्यायीक वितरण मार्फत सुन्दर शान्त र समृद्ध ठाउँ कुशे गाउँपालिकाको शान, विकासका पूर्वाधार निर्माण गर्ने अभियान मुल लक्ष्य हासील गर्ने प्रयास गर्नु पर्ने अवस्था छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय शासन प्रणालीलाइ सेवा प्रवाहमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

यस गाउँपालिका भित्र कम लागतमा तिव्र र उच्च प्रतिफल दिन सक्ने सभाव्य क्षेत्रहरुको पहिचान गरी त्यसको प्राथमिकता पूर्ण उपयोग मार्फत नागरिकको दैनिक जिवनस्तरमा गुणात्मक परिवर्तन गर्न आवश्यक देखिन्छ ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानु पर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभुत पक्षहरू र अर्थ मन्त्रालयको मार्गदर्शन अनुसार विभिन्न चरणको सहभागिता मूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

स्रोह्रौं योजना, दिगो विकास लक्ष्य सन् २०३० को मार्ग चित्र, गाउँपालिकाको पहिलो आवधिक गाउँ विकास योजना २०८०, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जन सहभागीता एवं जन परिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफ देहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छता युक्त जनसहभागीता सुनिश्चित गर्दै गाउँपालिकाको सिमित जनशक्तिबाट  छिटो छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाउनुपर्ने ,यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिई, संघ

तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चत्तम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने कुरालाई समेत आधारको रुपमा लिईएको छ ।

**चालु आ.व. को हाल सम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण**

यस गाउँपालिकामा हाल सम्म २०१ किमि सडक रहेको छ । गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ । गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ ।

**सिंचाइः**

गाउँपालिकाका भित्रका कृषि योग्य भुमिमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ ।

**सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा भइ कक्षा १ देखि ५ सम्म पाठयपुस्तक निर्माण गरिएको छ । गाउँपालिका रहेको १५ शैय्याको अस्पताल विस्तृत डिजाईन तयार भएको छ । कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।हालसम्म गाउँपालिकाको ३ वडालाई बालमैत्री वडा घोषणा गरिएको छ ।

**आर्थिक विकासका क्षेत्रमा भएका उपलब्धी**

आ.व. २०८०।०८१ मा ८ कि मि सडक ट्र्याक स्तरोन्तती भएको छ। कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ । गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्नका लागि जिर्ण रहेका सम्पदाहरुलाई पुनःनिर्माण गरिएको छ। रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको तथ्याङ्क संकलन गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन**

वन, वनस्पति, वन्य जन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाई समेट्ने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ । गाउँपालिकामा रहेका ३८ वटा सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ । भुकम्पबाट प्रभावित गाउँपालिका भित्रका सम्पूर्ण घरधुरीलाई आवश्यक राहात सामाग्री वितरण तथा ज्यान गुमाएका परिवारलाई आर्थिक सहायता स्वरुप नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम वितरण गरिएको छ । भुकम्पबाट

आवास गुमाएका घरपारिवारलाई अस्थायी आवासको व्यवस्था गरिएको छ ।आर्थिकरुपमा विपन्न तथा कम्जोर अवस्थाको नागरिकको जिवन रक्षाकको लागि आर्थिक सहायता प्रदान गरिएको छ ।आकस्मिक उद्धार कार्यलाई थप प्रभावकारी बनाउनको लागि गाउँपालिका केन्द्रमा हेलिप्याड निर्माण गरि संचालनमा ल्याईएको छ।

**सुशासन तथा संस्थागत विकास भएका उपलब्धी**

गाउँगालिकाले ऐन, नियमावली, कार्यविधि, र मापदण्डहरू तर्जुमा गरी ३० वटा कार्यान्वयनमा ल्याएको छ । राजश्व सुधार कार्य योजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएको छ । सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष, जनमैत्री चुस्त दुरुस्त प्रदान गर्ने कार्य प्राथमिकता दिइएको छ । सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न दोस्रो त्रैमासिक देखि EFT प्रणाली मार्फत सम्बन्धित लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्ने व्यवस्था लागू गरिएको छ ।

**आगामी आ.व. को प्रमुख नीति तथा कार्यक्रमहरू**

**सभा सदस्य ज्यूहरु,**

अब म आ. व.२०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा तर्फ**

मानव विकास एक निरन्तर चलिरहने प्रक्रिया हो। सिकाइ मानव विकासको एउटा पक्ष हो । यो गर्भावस्था देखि मृत्यु पर्यन्त जारी रहन्छ। तसर्थ, मानव विकासको पक्षलाई शिक्षाको माध्यमबाट ब्यबस्थित, संगठित र गुणस्तरीय बनाउन सकिने हुदाँ शिक्षामा आवश्यक लगानी गर्न अनिबार्य छ। सम्पन्नताको जिवन भन्दा क्रियासिल ,उन्नत,सभ्य र सुखी जिवन शैलीले मानव विकासको सुचकलाई सुचित गराउने भएको हुदाँ उक्त सूचकहरु कसरी हाँसिल गर्ने भन्ने बिषयमा हामी सजग छौ।

नेपालको संबिधान २०७२ को धारा ३१ बमोजिम नागरिकले शिक्षा प्राप्त गर्ने हकलाई मौलिक हकको रुपमा सुनिश्चत गरेको तथा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई सुम्पिएका अधिकारहरु कार्यान्वयन गर्दै चालु आर्थिक बर्षमा गुणस्तरिय, दिगो र सिपयुक्त शैक्षिक बातावरण निर्माण गर्न निम्न नीतिहरु अख्तियार गरिने छ ।

१. बालविकास देखि विद्यालय उमेर समुहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गराउने र टिकाउने नीति लिइने, विद्यार्थी भर्नामा देखिने दोहोरो पन र संख्या थप गर्ने प्रबृतिलाई पूर्णतया निरुत्साहित गरि विद्यार्थी भर्ना संख्यामा बृद्धि गर्न भर्ना अभियान,घरदैलो कार्यक्रम, प्रोत्सहान र घरमा आधारित विद्यालय जस्ता कार्यक्रमलाई आवश्यक्ता र औचित्यताको आधारमा परिमार्जन र सुधार गर्दै लगिने छ।

२. विद्यालय तथा कक्षा कोठामा शिक्षक विद्यार्थीको उपस्थितिलाई अधिकतम विन्दुमा पुऱ्याउन संयन्त्र निर्माण गरी कार्य गरिने छ ।

३. यस पालिकाका विद्यालयमा भर्ना भई सहर तथा निजी स्रोतमा संचालित विद्यालयमा पढ्न जाने परिपाटिलाई निरुत्साहित गरिने छ।

४. विद्यार्थीको गलत विवरण दिने , फर्जि परीक्षार्थीबाट परीक्षा दिने र दिलाउन सहयोग गर्ने ब्यक्तिलाई कडाईका साथ कानुनी दाइरामा ल्याइने छ ।

५. विद्यार्थी संख्याका आधारमा बालविकास केन्द्र तथा विद्यालयहरुलाई यस बर्ष पनि मर्ज गर्ने नीतिलाई निरन्तरता दिदै लगिने छ ।

६. विद्यालयका कक्षा कोठा, छाना, खानेपानी , शौचालय र बसाइ ब्यवस्थापन जस्ता पूर्वाधार विकासका काममा प्राथमिकता दिइने छ ।

७. उच्चतम सिकाइ उपलब्धि हाँशिल तथा विद्यार्थीको पठन पाठन सुधारका लागि बिषयगत शिक्षक सम्मेलन गरि सिकाइमा एकरुपता कायम गरिने छ ।

८. विद्यालयमा शैक्षिक बातावरण सुधारका लागि अभिभावक शिक्षा कार्यक्रमलाई अगाडि बढाइने छ ।

९. विद्यालय महोत्सव, तालिम, गोष्ठि र सेमिनार जस्ता कार्यक्रम गरि शिक्षकको क्षमता विकास गरिने छ।

१०. बालबालिकामा पोषणको मात्रा प्रबर्द्धन गर्न स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमलाई अझ प्रभावकारी बनाइने छ ।

११. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका साथै विद्यार्थीहरुको प्रतिस्पर्धात्मक क्षमता विकासका लागि शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२. विद्यालयको पहुँच भन्दा बाहिर रहेका तथा शारीरिक रुपले अपाँगता भएका बालबालिकाहरुलाई शैक्षिक पहुँच सुनिश्चित गर्न गृह विद्यालय (School at home) कार्यक्रम मार्फत पढाईलाई निरन्तरता दिइनेछ ।

१३. कुशे गाउँपालिकाको शैक्षिक क्षेत्रको योजनाबद्ध तरिकाले बृहत्तर सुधारको लागि १० वर्षे गाउँ शिक्षा योजना निर्माण गरिने छ ।

१४. माध्यमिक विद्यालहरुमा अध्यनरत छात्र छात्राहरुलाई सिप र श्रम संग जोड्नको लागि कुनै एक विद्यालयमा कमाउदै सिकाउदै कार्यक्रम सँचालन गरिनेछ ।

१५. विपन्न लक्षित बालबालिकाहरुलाई पोशाक तथा शैक्षिक सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६. विद्यार्थीहरुको शारिरीक तथा मानसिक स्वास्थ्य तन्दुरुस्तीको लागि अध्यक्षकप कार्यक्रमका साथै सामुदायिक विद्यालयहरुमा शैक्षिक तथा खेलकुदका सामाग्रीहरु वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. शैक्षिक हिसावले कक्षा ८ र कक्षा १० मा उत्कृष्ट नतिजा हाँसिल गरेका दलित बालबालिकालाई प्रोत्साहित गर्ने निति लिइनेछ ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन र प्रकाशन गर्ने नीति लिइनेछ ।

२. गाउँपालिका भित्र आयोजना हुने मेला महोत्सवहरुमा विविध जातीय भेष भुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।

३. यस गाउँपालिका भित्र रहेका ऐतिहासिक तथा पुरात्वयीक सम्पदाहरुको संरक्षण संम्बर्द्धन र विकासको लागि आवश्यक नीति लिईनेछ ।

४. सांस्कृतिक कोष बनाउन आवश्यक प्रकृया अपनाईने छ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

२. राष्ट्रपति रनिङ्ग सिल्ड तथा अध्यक्ष कप खेल प्रतियोगितालाई व्यवस्थित गरि निरन्तरता दिइनेछ ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नव प्रवर्तनशील, लगायतका प्रोत्साहन मुखी कार्यक्रम संग आवद्ध गरिनेछ ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइने छ ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. विपन्न, गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटिपार्लर, ब्यावसायिक पशुपालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ ।

७. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ ।

८. कुलत तथा दुर्व्यसनमा लागेका नागरिकको लागि पहिचान गरी पुन:स्थापन केन्द्रमा पठाउने व्यवस्था मिलाईने छ ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

३. ऐतिहासिक काल देखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परा गत पेशालाई व्यवसायिक तथा आधुनिकिकरण उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ ।
४. ज्येष्ठ नागरिक परिचय पत्र वडा स्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
५. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
६. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।
७. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।
८. गाउँपालिका तथा वडा स्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
९. गाउँपालिकाका बाल मैत्री घोषणा हुन बाँकी वडाहरुलाई आ. व.२०८१/८२ मा बालमैत्रि वडा घोषणा गर्ने कार्यलाई निरन्तर दिइनेछ ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र १५ शैयाको अस्पताल निर्माण कार्यमा जोड दिइनेछ ।
२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध गर्न सिफारिस गर्ने व्यवस्था मिलाइने छ । साथै गाउँपालिकाले राहात दिने व्यवस्था मिलाइने छ ।
३. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ साथै सुत्केरीका कुरुवाहरुलाई सुत्केरी कुरुवा घर निर्माण गर्न आवश्यक व्यवस्था गर्ने नीति लिईने छ ।
४. नेपाल रेडक्रस सोसाइटी सँग सहकार्य गरी आँखा शिविर सेवालाई निरन्तर संचालन गरिनेछ ।
५. आर्थिक रुपमा अति विपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ ।
६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादी रहितको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ ।
७. महिला स्वास्थ्य स्वयं सेविकाहरुको दक्षता विकासको लागि प्रविधिमैत्री बनाउन मोबाईल स्वास्थ्य कार्यक्रम निरन्तरता दिईने नीति लिईने छ ।
८. सीमान्तकृत, गरीव तथा पछाडी परेका जन समुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ ।
९. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ ।

१०. यस गाउँपालिका अन्तर्गतको ९ वटै स्वास्थ्य संस्थाहरुमा डिजिटाईजेसन गर्न संघ प्रदेश र संघसंस्थाहरु संग समन्वय गरिने छ ।

११. गाउँपालिका स्तरको माहमारी तथा प्रकृतिक प्रकोप व्यवस्थापनको लागि आकस्मिक योजना बनाई कार्यान्वयन गरिने छ ।

१२. बर्थिङ्गसेन्टर वा अन्य स्वास्थ्य संस्थाहरुमा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई क्षमता बृद्धिको लागि संघ संस्था संग साझेदारी गरी तालिम दिनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१३. कार्यसम्पादनको आधारमा स्वास्थ्यकर्मीहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिने छ ।

१४. मदिरा निषेधित क्षेत्रलाई निरन्तरता दिईनेछ ।

**च) सामाजिक सुरक्षा तथा घट्ना दर्ता सम्बन्धी**

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी तथा पारदर्शि बनाउन नेपाल सरकारबाट लागू गरेको दर्ता तथा नवीकरण गर्ने कार्यलाई बायोमेट्रिक्स भेरिफिकेसन प्रणाली यसै आ.ब बाट संचालनमा ल्याईनेछ ।

२. यस गाउँपालिकाको सत प्रतिशत नागरिकहरुलाई सामाजिक सुरक्षा तथा व्यक्तीगत घट्ना दर्ताको पहुँचमा ल्याउनको लागि विभिन्न सचेतामूलक कार्यक्रम संचलान गर्ने नीति लिईने छ ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१.स्थानीय आर्थिक विकासलाइ योजना वद्ध रूपमा कार्यान्वयन मा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागिता मूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका निजी क्षेत्र, र सहकारी समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ ।

३. यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिने छ ।

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र संचालित उद्योग तथा व्यवसायहरु अनिवार्य दर्ता, नविकरण गर्ने व्यवस्था मिलाइने छ ।

२. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।

४. मुख्य स्थान र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न वोर्ड राखिनेछ ।

५. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोशरहरुको वितरण गरिनेछ ।

६. अन्तर गाउँपालिका / नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका / नगरपालिकाहरु सँग भगिनी सम्बन्ध गर्न प्रयास गरिनेछ ।

७. स्थानीय सामाग्रीबाट निर्माण गरिने उद्योग तथा व्यवसायहरुलाई जिविकोपार्जनको स्रोतको रुपमा प्रबर्द्धन गरिनेछ ।

८. स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको बजारीकरण गर्ने नीति लिईनेछ ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्न बालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।

२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइने छ । गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा स्थानीय उत्पादन अर्गानिक खाना उपलब्ध हुने व्यवस्था मिलाइने छ ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशु पालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिने छ ।

४. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार पूर्वाधार निर्माण गरिने छ ।

५. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिने छ ।

६. कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीक आयमूलक तथा आकर्षक पेशाको रुपमा विकास गरी खाद्य तथा पोषण सुरक्षा गरिवी न्युनिकरण र रोजगारी सिर्जना गर्ने क्षेत्रको रुपमा विकास गर्ने नीति अबलम्बन गरिने छ ।

७. कृषि तथा पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत नियमितरुपमा कृषि तथा पशु उपचार सम्बन्धी सेवा आकस्मिक माहामारी नियन्त्रण जस्ता कार्यक्रम संचालनमा ल्याईने नीति लिईने छ ।

## ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको तालिमा मार्फत संस्थागत क्षमता अभिबृद्धि गर्दै संस्थागत सुशासन प्रवर्द्धन गर्ने नीति लिईने छ ।

२. सहकारी संस्थाहरुलाई प्रभावकारीरुपमा नियमन गर्न सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा सत प्रतिशत समाबेश गरिने छ ।

३. एकै प्रकृतिका सहकारी संस्थाहरुलाई एकिकरण गर्दै लैजाने र निश्क्रिय सहकारीहरुलाई खारिज गर्दै लगिने नीति अपनाईने छ ।

४. यस पालिका भित्रका सहकारी संस्थाहरुलाई आर्थिक सम्मृद्धिको महत्त्वपूर्ण सारथीको रुपमा रहेने गरी व्यवस्थित बनाईने नीति लिईने छ ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिका को सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइने छ।

२. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिने छ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्था रेडियो पृथ्वी F.M. लाई प्राथमिकता दिइने छ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइने छ।

५. प्रविधिमैत्री स्थानिय तह बनाउन प्रविधिहरुको उच्चत प्रयोग गर्ने नीति लिईने छ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइने छ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिने छ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिने छ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ।

## ५. सुशासन, क्षमता विकास र सेवा प्रवाह

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Governances Response App) तयार गरी लागु गरिने छ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईने छ ।

३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिकाको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिने छ ।

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन स्वदेश तथा विदेश भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईने छ ।

५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिला सुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिने छ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
७. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइने छ ।
८. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
९. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति बनाइ प्रयोगमा ल्याइने छ ।
१०. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ ।
११. कर्मचारीहरुको मनोबल उच्च राख्न थप प्रोत्साहन भत्ता, पुरस्कार, उपयुक्त कार्यजिम्मेवारी तथा बर्षमा १ पटक देशभित्र विभिन्न स्थलगत अबलोकन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
१२. सेवा प्रवाहलाई सेवाग्राहिमैत्री, गुणस्तरिय र कर्मचारीको कार्यबोझमा सन्तुलन ल्याउन संगठको O&M गरि सो प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

**६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. खानेपानी तथा सरसफाई**

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।
२. गाउँपालिकाले आफ्नो WASH Plan बमोजिम खानेपानी आपुर्तीको व्यवस्था गरिनेछ ।
३. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।
४. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अगाडी बढाइनेछ ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

५. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको व्यवस्थित उपयोग गर्ने नीति लिईने छ ।

६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ ।

८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।

९. जैविक विविधताको संरक्षण र विकासको लागि सरुगाड र चैयागाड खोलामा करेन्ट तथा विषादि प्रयोग गरी माछा मार्ने कार्यलाइ नियन्त्रण गरिनेछ ।

१०. बातावरण मैत्री स्थानीय तह निर्माण सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरी गाउँपालिकालाई हराभरा र स्वच्छ बातावरण निर्माण गर्ने नीति लिईनेछ ।

## ७. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकामा रहेका सडकहरुको विकास र दिगोपन ल्याई सुरक्षित आबागमनको लागि मालुमेला साँधिविसाउँना बाटुल्ले टापुचौर र जिन्ताला पैंक सडक स्तरोउन्ती गरिने छ ।

२. आवधिक योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

४. दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी **गाउँपालिका गौरव आयोजनाका** रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

७. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

८. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
९. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
१०. गाउँपालिकामा निर्माण हुने ठुला, मझौला खालका पूर्वाधार योजनाहरुको सम्भाव्यता अध्ययन र बिस्तृत डिजाइन तयार गरि आयोजना निर्माणको लागि संघ तथा प्रदेश योजना आयोगमा माग गरिनेछ ।
११. गाउँपालिका भित्रका नागरिहरुको उर्जा उपयोगको अधिकार सुनिश्चित गर्न विद्युत जडान कार्य तिब्रताको लागि आवश्यक पहल गरिनेछ ।
१२. गाउँपालिकाका क्षेत्र भित्र निर्माण भएका भवनहरुको अभिलेखिकरण सुरु भइसकेको छ र नयाँ निर्माण गरिने भवनहरुमा गाउँपालिकाले भवन आचारसंहिता तयार गरि लागु गरिनेछ ।
१३. गाउँपालिका स्तरिय १५ सैयाको अस्पताल निर्माणको लागि अवश्यक वजेटको पहल गरिनेछ ।
१४. गाउँपालिका भित्र संचालन हुने १० लाख भन्दा माथिको योजनाहरुमा उपभोक्त समिति मार्फत निर्माण गर्ने कार्य क्रमस कम गर्दै ठेक्का प्रणाली मार्फत निर्माण गर्ने कार्यमा जोड दिईने छ ।
**१५.** गाउँपालिकामा बस्तिस्तरबाट योजना तर्जुमा गर्दा प्राथमिकतामा नपरेका र गाउँपालिकाको समन्वयविना प्रदेश तथा संघीय सरकारबाट आउने आयोजनाहरुलाइ समन्धित पक्षसंग समन्वय र सहकार्य गरी निरुत्साहित गर्न पहल गरिनेछ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
४. राजस्व संकलन कार्यलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन स्थानीय राजस्व व्यवस्थापन प्रणाली संचालन गर्ने नीति लिईने छ ।

## ८. विश्वखाद्य कार्यक्रम WFP तर्फ

१. निकाय विश्वखाद्य कार्यक्रम WFP को आर्थिक सहयोगमा भुकम्प बाट प्रभावित भई अति पिडित र विपन्न समुदायका १४०० घर धुरीहरु सशर्त निसर्त र शिपमुलक मार्फत लाभान्वतित गराउने व्यवस्था मिलाईनेछ ।
२. ७६० घर धुरीलाई ३ वटा ग्रामिण सडकहरु विस्तार कार्यक्रममा काम गर्ने अवसर प्रदान गराइ ४० दिनको रोजगारी प्रदान गरिनेछ ।

३. ८० घर धुरीका विपन्न अति गरिब दलित जनजाती तथा एकल महिलाहरुका लागि विभिन्न शिपमुलक तालिम प्रदान गरी क्षमता विकास गर्ने र भविश्यमा स्वरोजगारीका अवसरहरु प्रदान गर्ने वातावरण तयार गर्ने व्यवस्था मिलाईनेछ ।
४. निशर्त अनुदान तर्फ भुकम्प बाट पिडित असाहाय, अशक्त, अपाङ्ग, एकल महिला तथा बृद्धा घरपरिवारलई लाभान्वित गर्न ५६० जनालाई ३६ हजारको दरले नगद रकम उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
५. महिला तथा बालबालिकाको पोषण अवस्था सुधारको लागि सशर्त निर्शसत तथा तालिममा संलग्न घरपरिवारका ७०० जना गर्भवती सुत्केरी र २ बर्ष मुनिका बालबालिका भएको महिला तथा आमाहरुलाई रु.१० हजारका दरले पोषण सहायता उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

अन्त्यमा राजनीतिक दल, कर्मचारी तथा सुरक्षाकर्मी, किसान, उद्योगी व्यवसायी बैक तथा वित्तीय क्षेत्र सहकारी, समुदाय, नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण गाउँपालिका दाजु भाई तथा दिदिबहीनिहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । गाउँपालिकाको विकास र समृद्धिको लक्ष्य हासिल गर्न निरन्तर सहयोग पुऱ्याउदै आउनु भएका विकास साझेदार संघसंस्था लगायतलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु।
धन्यवाद ।

**हरिचन्द्र बस्नेत**
**गाउँपालिका अध्यक्ष**